नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पश्चिम)

## मिति २०७८।०१।३० गतेको ज़िल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(DCCMC) बैठकका

एजेण्डाहरुः

१. समीक्षा ।

२. आदेश जारी गर्ने सम्बन्धमा ।

३. परीक्षण व्यवस्थापन सम्बन्धमा ।

४. बजेट व्यवस्थापन सम्बन्धमा।

५. विविध ।

### निर्णयहरुः

१. विश्वव्यापी महामारीको रुपमा फैलिएको नयाँ भेरियन्ट सहितको कोभिड- १९ को दोस्रो लहरबाट यस जिल्लामा हालसम्म ६९८ जना संक्रमित भएकोमा ११ जनाको मृत्यु भएको, १५ जना थप उपचारका लागि सुविधासम्पन्न अस्पतालमा पठाइएको, ६२ जना जिल्ला तथा स्थानीय तहका अस्पतालहरुमा उपचाररत रहेको, ४६० जना होम आइसोलेशनमा रहेको र १५० जना उपचार पश्चात निको भएको, संक्रमित व्यक्तिहरुको सम्पर्कमा रहेका व्यक्तिहरुको पहिचान गरी परीक्षणको व्यवस्था मिलाउन स्थानीय तहका CICT टीमहरु परिचालन गरिएको छ।कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि नेपाल सरकार, प्रदेश सरकारबाट भएका निर्णय कार्यान्वयन सँगै जिल्लाको आवश्यकता बमोजिम आवश्यक उपायहरु अवलम्बन हुँदै आएको छ।मिति २०७८।०१।१९ गते बिहान ६:०० बजेदेखि मिति २०७८।०१।३१ गते राती १२:०० बजेसम्मका लागि संक्रामक रोग ऐन, २०२० को दफा २ तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम आदेश जारी भई कार्यान्वयन भइरहेको छ।जनस्वास्थ्यका प्रचलित मापदण्ड पालनाका लागि विभिन्न माध्यमबाट प्रचार प्रसार र अनुरोध हुँदै आएको छ।उपचार व्यवस्थापनका लागि जिल्लाका विभिन्न अस्पतालहरुमा क्षमता विस्तार, अक्सिजन व्यवस्थापन लगायत अन्य पूर्वाधार निर्माणका कार्यहरु गरिएको छ।तीव्र रुपमा बृद्धि भइरहेको संक्रमण दर रोकथाम तथा संक्रमितलाई भरपर्दो उपचारको व्यवस्थापनका लागि भइरहेका कार्यलाई थप प्रभावकारी बनाउँदै आवश्यक स्रोत साधन, क्षमता विस्तारमा जोड दिनुपर्ने देखिन्छ।

२. जिल्लामा कोभिड-१९ को संक्रमण तीव्र रुपमा फैलिरहेको, मृत्युदर समेत बृद्धि भएको हुँदा संक्रमणलाई थप फैलिन नदिनका लागि स्थानीय प्रशासनद्वारा मिति २०७८।०१।१९ गते बिहान ६:०० बजेदेखि मिति २०७८।०१।३१ गते राती १२:०० बजेसम्मका लागि संक्रामक रोग ऐन, २०२० को दफा २ तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम जारी आदेशलाई मिति २०७८।०२।०७ गते राती १२:०० बजेसम्मका लागि निरन्तरता दिन सिफारिस गर्ने।

३. जिल्ला अस्पतालमा कोभिड-१९ को परीक्षण तथा उपचारका लागि अत्याधिक चाप बढिरहेकोले सो को व्यवस्थापनमा चुनौती सृजना भएको हुँदा स्थानीयस्तरमै एन्टिजेन वा RT-PCR परीक्षणको व्यवस्था मिलाई सामान्य अवस्थाका संक्रमितलाई होम आइशोलेसनमा र मध्यमस्तरका संक्रमितलाई स्थानीय तहका आइशोलेसनमा राखी उपचार गर्ने र ती आईशोलेसनमा उपचार हुन नसकेमा मात्र चिकित्सकको सिफरिसमा अस्पतालमा पठाउने व्यवस्था मिलाउन स्थानीय तहहहरुलाई अनुरोध गर्ने।

४. गाउँघरहरुमा ज्वरो, रुघाखोकी लगायतका कोभिड-१९ का लक्षणयुक्त बिरामीहरुको संख्या बढिरहेको र सिटामोल, जीवनजल लगायतका सामान्य प्रकारका औषधी समेत बिरामीहरुको पहुँचमा नपुगेको भन्ने

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पश्चिम)

जनगुनासो आएको हुँदा स्थानीयस्तरमा रहेका स्वास्थ्यकर्मीहरुलाई गाउँगाउँमा परिचालन गरी बिरामीहरुको परीक्षण, अत्यावश्यक औषधी वितरण तथा सचेतना एवं परामर्श उपलब्ध गराउने व्यवस्था मिलाउन स्थानीय तहहरुलाई अनुरोध गर्ने।

५. कोभिड-१९ संक्रमितको उपचार व्यवस्थापनका लागि आवश्यक पर्ने औषधी लगायतका अत्यावश्यक सामग्रीहरुको अभाव हुन नदिनका लागि जिल्लास्थित स्थानीय तह तथा अस्पतालहरुसँग समन्वय गरी तत्काल आपूर्तिको व्यवस्था मिलाउन स्वास्थ्य सेवा कार्यालयलाई निर्देशन दिने। स्थानीयस्तरमा आवश्यक पर्ने औषधी लगायत उपचारका सामग्रीहरु खरिद गरी व्यवस्थापन गर्न स्थानीय तहहरुलाई अनुरोध गर्ने। साथै औषधी लगायतका अत्यावश्यक सामग्रीहरुको व्यवस्था गरिदिन नेपाल सरकार तथा प्रदेश सरकारमा अनुरोध गरी पठाउने ।

६. जिल्लाका अस्पताल, स्थानीय तह तथा सम्पूर्ण स्वास्थ्य संस्थामा रहेका स्वास्थ्यकर्मीहरुलाई कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारका कार्यमा केन्द्रित गर्ने गरी एकीकृत रुपमा परिचालन गर्नका लागि स्वास्थ्य सेवा कार्यालयले तत्काल कार्ययोजना बनाई कार्यान्वयन गर्ने।

७. जिल्लामा कोभिड-१९ को संक्रमण तीव्र रुपमा बृद्धि भईरहेको, आइसोलेशन तथा अक्सिजन व्यवस्थापनमा कठीनाई भइरहेको, अत्यावश्यक स्वास्थ्य सामग्री, एम्बुलेन्स, शव वाहन लगायतका साधनहरुको अभाव रहेको हुँदा संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि आवश्यक पर्ने अत्यावश्यक सामग्रीहरुको व्यवस्थापन, अनुगमन आदि कार्यका लागि जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) लाई रु ४०,००,०००।– (चालिस लाख) रकम विनियोजन गरिदिन कर्णाली प्रदेश सरकारमा अनुरोध गरी पठाउने।

८. कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणका लागि स्थानीय प्रशासनबाट अत्यावश्यक बाहेकका अन्य गतिविधि तथा पेशा व्यवसाय सञ्चालनमा रोक लगाउने गरी आदेश जारी भएको हुँदा दैनिक ज्याला मजदुरी गरी जीवन निर्वाह गर्ने विपन्न परिवारका व्यक्तिहरुलाई जीवन निर्वाहमा कठीनाई उत्पन्न भएको देखिएकोले त्यस्ता व्यक्ति/परिवारको पहिचान गरी स्थानीयस्तरमा स्वास्थ्य मापदण्ड पालना गरी हुने सार्वजनिक निर्माणका कार्यमा परिचालन गर्ने वा अन्य उपयुक्त व्यवस्था मिलाई जीवन निर्वाहका लागि आवश्यक सहजीकरण गर्न स्थानीय तहहरुलाई अनुरोध गर्ने।

९. कोभिड-१९ संक्रमितलाई ओसारपसार गर्ने प्रयोजनका लागि एम्बुलेन्सको अभाव हुन नदिनका लागि स्थानीय तहहरुमा रहेका एम्बुलेन्सलाई चालु अवस्थामा अक्सिजन सहित Standby राख्न र आवश्यकतानुसार थप एम्बुलेन्स वा सवारी साधनको व्यवस्था मिलाउन स्थानीय तहहरुलाई अनुरोध गर्ने। जिल्लामा रहेका निजी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित एम्बुलेन्सलाई अस्पताल केन्द्रीत गरी अक्सिजन सहित Standby राख्ने।

१०. पछिल्लो समयमा यस जिल्लामा कोभिड-१९ को संक्रमण तथा मृत्यु दर उच्च हुँदै गएको हुँदा यस बिषम परिस्थितिको मूल्यांकन गर्दै अत्यावश्यक अवस्थामा बाहेक घर बाहिर ननिस्कन, भीडभाड र जमघट हुने खालका कुनै पनि गतिविधिहरु नगर्न, तोकिएका स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पालना गर्दै रोकथामका उपायहरुको अधिकतम रुपमा अवलम्बन गर्न, कोभिड-१९ को लक्षण देखिएमा तत्काल स्थानीय स्वास्थ्य संस्थामा जानकारी गराई सुरक्षित रुपमा परीक्षण गर्न/गराउन, होम क्वारेन्टीन र होम आइशोलेशनको मापदण्ड पूर्ण रुपमा पालना गर्न/गराउन तथा कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि स्थानीय प्रशासन, सुरक्षा निकाय, स्थानीय तह, स्वास्थ्य संस्था आदिबाट हुँदै आइरहेको कार्य र

प्रयासमा आ-आफ्नो तर्फबाट सहयोग तथा सहजीकरण गर्न जिल्लास्थित सम्पूर्ण सरकारी तथा सार्वजनिक निकाय, राजनैतिक दल, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, सञ्चार क्षेत्र लगायत सम्पूर्ण जिल्लाबासीमा हार्दिक अनुरोध गर्ने ।

११.कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचार कार्यका लागि गर्नुपर्ने क्षेत्रगत कार्यहरुको व्यवस्थापन, समन्वय, सहजीकरण तथा प्रतिवेदनका लागि प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष निर्देशन तथा समन्वयमा रहने गरी देहाय बमोजिमको उपसमिति गठन गरी परिचालन गर्ने। यी टिमका संयोजकहरुले दैनिक कार्यको प्रतिवेदन प्रमुख जिल्ला अधिकारीलाई गर्ने ।

**(क) शव व्यवस्थापन उपसमिति**

(अ) सहायक प्रमुख जिल्ला अधिकारी श्री प्रमेश शिवा (९८४९९०७८४२)– संयोजक

(आ) सहसेनानी दिपेन्द्र बुढा, नरसिंह दल गण (९८५८०५१७३३) - सदस्य

(इ) प्रहरी निरीक्षक श्री कपिल शाही (९८५१२८१०२१, ९८४८१८६२११) - जिल्ला प्रहरी कार्यालय -सदस्य

(ई) सशस्त्र प्रहरी निरीक्षक नरेन्द्र सिंह धामी (९८५१२५९३६८)- सशस्त्र प्रहरी बल नं ४७ गुल्म - सदस्य

(उ) श्री नरविर खड्का मुसिकोट नगरपालिका (९८५८०४३०५२)- सदस्य

(ऊ) श्री जनक खड्का, स्वास्थ्य सेवा कार्यालय(९८५११५०००४)- सदस्य

**(ख) अक्सिजन व्यवस्थापन उपसमिति**

(अ) सहायक प्रमुख जिल्ला अधिकारी श्री शेर बहादुर पुन (९८५७८२००९०)– संयोजक

(आ) प्रहरी निरीक्षक डेकेन्द्र शर्मा (९८५८०९०३६५)- जिल्ला प्रहरी कार्यालय -सदस्य

(इ) मनोज के.सी. स्वास्थ्य सेवा कार्यालय (९८४७८५४२३९)- सदस्य

(ई) श्री चेतन घर्ती (९८४५१९९६००)- सदस्य

**(ग) एम्बुलेन्स व्यवस्थापन उपसमिति**

(अ) सहायक प्रमुख जिल्ला अधिकारी श्री शेर बहादुर पुन (९८५७८२००९०)– संयोजक

(आ) प्र.नि.श्री कपिल शाही (९८५१२८१०२१, ९८४८१८६२११)- जिल्ला प्रहरी कार्यालय -सदस्य

(इ)ईश्वर रावल स्वास्थय सेवा कार्यालय (९८४४९२५३७८)- सदस्य

**(घ) विद्युत तथा खानेपानी आपूर्ति एवं व्यवस्थापन उपसमिति**

(अ) सहायक प्रमुख जिल्ला अधिकारी श्री प्रमेश शिवा (९८४९९०७८४२)– संयोजक

(आ) श्री नरविर खड्का मुसिकोट नगरपालिका (९८५८०४३०५२)- सदस्य

(इ) श्री होम बहादुर नेपाली ने.विप्रा विद्युत वितरण केन्द्र (९८६६७०१४६२)– संयोजक

(ई) श्री बलराम के.सी. खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय(९८४४९४९१४६)–सदस्य

(उ) श्री गणेश देवकोटा साना शहरी खानेपानी तथा उपभोक्ता समिति (९८६४९२४०६७)

(ऊ) मनोज के.सी. स्वास्थ्य सेवा कार्यालय (९८४७८५४२३९)- सदस्य

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पश्चिम)

(ङ) जनशक्ति व्यवस्थापन उपसमिति

(अ) सहायक प्रमुख जिल्ला अधिकारी श्री शेर बहादुर पुन (९८५७८२००९०)– संयोजक

(आ)श्री बिष्णु बहादुर बुढाथोकी, का.प्र. स्वास्थ्य सेवा कार्यालय(९८६८०१७७७५)- सदस्य

(इ) डा. राज कुमार भुजेल जिल्ला अस्पताल(९८४७८६२२००)- सदस्य

(ई) मान बहादुर केसी स्वास्थ्य संयोजक मुसिकोट नपा (९८४४८६८३८८)- सदस्य

(उ) प्रेमा केसी अ.न.नि. स्वास्थ्य सेवा कार्यालय(९८४५२११९३६)- सदस्य